नेपाल सरकार
# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
(अनुमतिपत्र महाशाखा)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याक्स: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या :- (अनुमतिपत्र) ०८१/८२
चलानी नं.:- २०३९

नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय विद्युत विकास विभाग २०५०

मिति: २०८२/०२/०७

विषय: मिदिम-१ जलविद्युत आयोजनाको ३३ के.भी. विद्युत प्रसारण लाइन आयोजनाको विद्युत प्रसारणको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा।

श्री माउण्ट रसुवा हाइड्रोपावर प्रा.लि.,
टोखा नगरपालिका-०७, धापासी, काठमाडौं।
सम्पर्क फोन नं. ०१-४३५४३६७, ९८५११३२०१३
Email: mountrasuwa@gmail.com

उपरोक्त सम्बन्धमा तँहाबाट मिति २०८२/०१/३१ (दर्ता नं. ८३३८) मा मिदिम-१ जलविद्युत आयोजना (१३.४२४ मे.वा.) को ३३ के.भी. विद्युत प्रसारण लाईन आयोजनाको विद्युत प्रसारणको सर्वेक्षण अनुमतिपत्रको लागि दिएको दरखास्त उपर कारवाही हुँदा तपशिल बमोजिमका नपुग कागजात/विवरणहरु १५ (पन्ध्र) दिनभित्र पेश गर्नुहुन विभागको मिति २०८२/०२/०५ गतेको (महानिर्देशकस्तर) निर्णयानुसार अनुरोध छ।

तपशिल:

१) नेपाल विद्युत प्राधिकरणसंग मिदिम-१ जलविद्युत आयोजनाको उत्पादन हुने विद्युत खरिद-बिक्री सम्बन्धी सम्झौतापत्रमा प्रसारण लाइनको भोल्टेजस्तर १३२ के.भी. रहेकोमा ३३ के.भी. मा विद्युत प्रसारण हुने गरी संशोधन भएको Grid Connection Agreement वा संशोधित विद्युत खरिद विक्रि सम्झौतापत्र (PPA) को प्रमाणित प्रतिलिपि।

२) प्रवर्द्धक कम्पनीको अद्यावधिक शेयर लगत तथा सञ्चालक लगतको प्रमाणित प्रतिलिपि।

३) नापी विभागद्वारा प्रकाशित १:२५००० वा १:५०००० स्केलको स्थलरुप नक्शामा आयोजनाको प्रस्तावित मुख्य र वैकल्पिक लाईन समेत देखिने गरी रेखांकन गरिएको Route Alignment।

४) प्रबर्द्धक कम्पनीको संचालक समितिको विद्युत प्रसारण लाइनको सर्वेक्षण अनुमतिपत्रको लागि विभागमा दरखास्त दिने सम्बन्धमा बैठकको निर्णय सहितको अख्तियारिनामा, पत्राचार गर्ने स्पष्ट ठेगाना, अख्तियारी प्राप्त व्यक्तिको परिचयपत्र एवं सम्पर्क नं. सहितको विवरण।

५) प्रवर्द्धक तथा परामर्शदातृ संस्था बिच भएको सम्झौता, परामर्शदातृ संस्थाको कम्पनी दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र, प्रवन्धपत्र र नियमावलीको प्रतिलिपि।

.........................
(महेन्द्र साह सोनार)
इन्जिनियर